## पूर्ण इजलास

१

**स.का.मु. प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या. श्री कल्याण श्रेष्ठ, मा.न्या. श्री गिरीश चन्द्र लाल, मा.न्या. श्री सुशीला कार्की र मा. न्या. श्री प्रकाश वस्ती,** ०६८-WO-०००९, उत्प्रेषणयुक्त परमादेश, *उमेशप्रसाद साह वि. क्षेत्रीय प्रहरी इकाई कार्यालय, जनकपुरसमेत*

नजीर कुनै मुद्दाका लागि अनुशरणीय हो वा होइन भन्ने कुरा तथ्यगत पृष्ठभूमि र कानूनी प्रश्नको तुलना गर्दा समानता भेटिएको निर्णयकर्ताले ठहर गरेका आधारमा हुने हो । मुद्दाको नाम र प्रकृति मिल्दैमा कुनै नजीर अनुशरणीय नहुने ।

कुनै कानूनको व्याख्या वा कुनै कानूनी सिद्धान्तको सम्बन्धमा दुई संयुक्त इजलासको राय वा निर्णय भिन्नाभिन्नै भै संयुक्त इजलासले पूर्ण इजलासमा पेश गर्न आदेश गर्न सक्छ तर प्रस्तुत विवादमा सो आधारमा नभई बृहद् पूर्ण इजलासले रिट नं. ०६५-WF-००१३ को रिट निवेदनमा निर्णय गर्दा नबोलेका केही विषयमा प्रस्तुत रिटको विवादमा थप व्याख्या गर्नुपर्ने भनी नियमावलीको व्यवस्था भन्दाबाहिर गई बृहद् पूर्ण इजलासमा पेश गर्ने आदेश भएको देखिने ।

संयुक्त इजलासले मूलतः प्रहरी ऐन, २०१२ को दफा १० र प्रहरी नियमावली, २०४९ को नियम ८९ को कानूनी प्रावधान एवं कार्यविधिको पालना सम्बन्धमा बृहद् पूर्ण इजलासबाट निरूपण भएको रिट नं. ०६५-WF-००१३ को रिट निवेदनको प्रसङ्ग उल्लेख गरी उक्त रिटमा निर्णय गर्दा नबोलेका केही विषयमा थप व्याख्या गर्नुपर्ने भनी निरूपण गर्नुपर्ने प्रश्नहरू निर्माण गरी पूर्ण इजलासलाई कार्यदिशसमेत दिएको देखिन्छ । संयुक्त इजलासले उल्लेख गरेको रिट नं. ०६५-WF-००१३ को रिटको तथ्य प्रस्तुत विवादको तथ्यसँग समान छ छैन यकीन गर्न संयुक्त इजलास नै सक्षम हुने ।

पूर्ण इजलासबाट व्याख्या भई प्रतिपादन भएको सिद्धान्त निर्णायक प्रश्नसँग समान भई अनुशरणयोग्य भएमा संयुक्त इजलास त्यस्तो नजीर पालनाका लागि बाध्यकारी हुने हुन्छ । तर, पूर्ण इजलासले नबोलेको विषय भै नयाँ प्रश्न उपस्थित भएको भए संयुक्त इजलासले नै कानूनबमोजिम निर्णय गर्नुपर्ने हुन्छ । आफूसमक्ष पेश भएको विवादमा निरूपण गर्नुपर्ने उपस्थित प्रश्नहरूको कुनै समाधान नै नगरी माथिल्लो तहको बृहद् पूर्ण इजलासबाट निर्णय हुनुपर्ने भन्ने टिप्पणी गरी कानूनमा व्यवस्था भएभन्दा बाहिर गई नयाँ कार्यदिश खडा गरी निर्णयको लागि विवाद प्रेषित गर्न नमिल्ने ।

संयुक्त इजलासबाट निर्णय गर्दा कुनै प्रतिपादित नजीरलाई विवादको असमान तथ्य भनी अवलम्बन नगर्नु सयुक्त इजलासको अधिकारको विषय हो । तर, आफूसमक्ष पेश भएको विवादमा निर्णय गर्नुपर्ने निर्णायक प्रश्नहरूमा स्वयं संयुक्त इजलासले निरूपण गर्नुपर्नेमा कुनै निर्णय नगरी विभिन्न प्रश्नहरूसमेतका कार्यदिश खडा गरी बृहद् पूर्ण इजलासबाट निर्णय हुनुपर्ने भनी प्रेषित गरेको कार्य सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को (ख) र (घ) अनुकूल हुन नसकी अदालतको न्यायिक परम्परा र मान्यतासमेतको प्रतिकूल देखिँदा विवादित विषयमा संयुक्त इजलासबाट प्रेषित गरिएबमोजिम बृहद् पूर्ण इजलासले हेरी निर्णय गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदनमा संयुक्त इजलासबाट निर्णय गर्नुपर्ने देखिँदा निर्णयका लागि संयुक्त इजलासमा पठाई दिने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल माघ २ गते रोज ५ शुभम् ।

संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री सुशीला कार्की,** रिट नं. ०७०-WH-०००४, बन्दीप्रत्यक्षीकरण, *शिवहरि कार्की वि. कारागार शाखा, डिल्लीबजार, काठमाडौंसमेत*

निवेदक शिवहरि कार्कीलाई काठमाडौं जिल्ला अदालतको मिति २०६८।९।२१ को फैसलाले चार वर्ष कैद र ४०,२०,००० जरीवाना गरेको देखिँदा फैसलाबमोजिम सजाय भुक्तान गर्नु यी निवेदकको दायित्व हो भने अदालतको फैसलाले कसूरदार ठहरिएको व्यक्तिबाट फैसलाबमोजिमको सजाय असूल गर्नु अदालतको पनि कानूनी दायित्व हो । अदालतबाट सजाय पाएको कसूरदारको सजाय कार्यान्वयन नहुने हो भने दण्डहीनता (Impunity) ले प्रश्रय पाउने मात्र होइन अदालतको फैसला निष्प्रभावी भई विधिको शासन नै कायम नहुने ।

निवेदकले अदालतबाट भएको फैसला स्वीकार गरी सो फैसलाउपर पुनरावेदन अदालत, पाटनमा आफैं उपस्थित भई धरौट वा जमानतको सुविधा पाउन निवेदन दिएको र अदालतले पनि कैदबापत धरौट वा जमानत राख्ने अनुमति दिएको अवस्था छ । त्यसरी अनुमति दिनु भनेको उक्त निवेदनको अन्तिम किनारा नभएसम्म कैद सजायलाई स्थगन गर्नु हो । अदालतमा समर्पण गरी आफूउपर सजाय भएको फैसलाउपर कानूबमोजिम उपचार माग्ने कार्यमा संलग्न रहेको व्यक्तिलाई सो निवेदनको टुङ्गो नलागी फैसला कार्यान्वयन गरी कैद भुक्तान गराउनु न्यायिक मूल्य मान्यताअनुकूल नदेखिने ।

काठमाडौं जिल्ला अदालतले निवेदकलाई चार वर्ष कैद र ४०,२०,०००।— जरीवाना गरेउपर पुनरावेदन गर्न कैदबापत अ.बं. १९४ नं. बमोजिमको सुविधा प्राप्त गरी धरौट तथा जमानत दिने लिने प्रक्रिया अगाडि बढिरहेको अवस्थामा फैसला कार्यान्वयन गरी कैद असूल गर्नु परस्पर विरोधाभाष र उक्त सिद्धान्तहरूको प्रतिकूल भई न्यायोचित कार्य भएको नदेखिने ।

माथि उल्लिखित आधार र कारणसमेतबाट निवेदक शिवहरि कार्कीलाई थुनामा राख्नुपर्ने अवस्था विद्यमान रहेको नदेखिँदा निजलाई थुनामुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । निवेदकलाई मिति २०७०।३।२५ मा कैदम्याद ठेकी कारागारमा पठाउने पूर्जीलगायत सम्पूर्ण कामकारवाहीहरू बदर हुने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल असोज ६ गते रोज १ शुभम् ।

२

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** रिट नं. ०७०-WH-००११, बन्दीप्रत्यक्षीकरण, *सनम तामाङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदक सनम तामाङ बालसुधार गृह सानोठिमी, भक्तपुरमा शिक्षक भै कार्य गरेको र निजलाई दिएको नियुक्तिपत्रमा कारागार नियमावली, २०२० को नियम २९(२) बमोजिमको सुविधा दिने गरी शिक्षक पदमा नियुक्ति गरेको र निवेदकलाई लागेको कैद छूट सुविधाका लागि बालसुधार गृह, सानोठिमी भक्तपुरले कारागार व्यवस्था विभागमा पत्राचार गरेको कुरा बालसुधार गृहको लिखित जवाफबाट समेत देखिएको अवस्थामा उक्त सुविधा निवेदकले पाउँदैन भन्न मिल्ने अवस्था देखिएन । कारागार नियमावली, २०२० को नियम २९(२) बमोजिमको सुविधा निवेदकले पाउने नै देखिने ।

निवेदक बालबालिका ऐनको परिधिभित्र परी कारागारको सट्टा बाल सुधार गृहमा रहेको देखिन्छ । जुन कानूनी सुविधा कारागारमा बस्दा प्राप्त हुन्छ त्यो बालसुधार गृहमा बस्दा प्राप्त हुँदैन भन्न मिल्दैन । बाल सुधार गृहको आफ्नै प्रबन्ध र व्यवस्थापन हुने हुँदा निजी स्रोतबाट व्यवस्थित शिक्षकले यो सुविधा नपाउने भन्ने कुरा तर्कसङ्गत हुन नसक्ने ।

तसर्थ उल्लिखित आधार कारणसमेतबाट निवेदक सनम तामाङलाई थुनामा राख्नुपर्ने अवस्था नदेखिँदा निजलाई थुनामुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७० साल कात्तिक ६ गते रोज ४ शुभम् ।

३

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** रिट नं. ०७०-WO-००४१, उत्प्रेषण, *गिरिजाप्रसाद पाठकसमेत वि. शहरी विकास मन्त्रालयसमेत*

नेपाल सरकार (मा.मन्त्रिस्तर) को मिति २०६८।७।३ को निर्णयअनुसार निवेदक गिरिजाप्रसाद पाठकलाई अध्यक्ष पदमा र अन्यलाई सदस्य पदमा कोहलपुर नगर विकास समितिमा बढीमा दुईवर्षका लागि मनोनयन गरिएको देखिन्छ । सो दुईवर्षको कार्यावधि व्यतीत नहुँदै नेपाल सरकारले २०७०।४।६ मा स्वेच्छाचारी निर्णय गरी निवेदकहरूलाई हटाई विपक्षीहरूलाई सोही समितिमा मनोनयन गरिएकोले सो निर्णय बदर गरिपाऊँ भन्ने निवेदन दावी रहेको देखियो । रिट निवेदकहरूलाई मिति २०६८।७।३ मा दुईवर्षका लागि कोहलपुर नगर विकास समितिमा मनोनयन गरिएकोमा निजहरूको दुईवर्षको पदावधि मिति २०७०।७।२ मा समाप्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको प्रयोजन नै समाप्त भई निष्प्रयोजित रहेको देखिएको अवस्थामा रिट निवेदनमा थप विवेचना गरिरहन परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल मङ्सिर १६ गते रोज १ शुभम् ।

४

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६६-CI-००९७, लेनदेन, *मु.स. गर्ने गोपालराज रायमाझी वि. लालबहादुर बस्नेतसमेत*

प्रतिवादी एकमाया बस्नेत वादी र लालबहादुर बस्नेतसमेत प्रतिवादी भई चलेको २०५५ सालको अंश दर्ता मुद्दामा वादीले प्रतिवादीबाट दुई खण्डको एक खण्ड अंश छुट्ट्याई लिन पाउने ठहर्‍याई मिति २०५८।५।१० मा उदयपुर जिल्ला अदालतबाट फैसला भएको देखिएको छ । प्रस्तुत लेनदेन मुद्दा उक्त अंश मुद्दाको फैसला भैसकेपछि मिति २०५८।५।२१ गते लगत्तै एघारौं दिनमा दायर हुन आएको पाइन्छ । प्रतिवादी लालबहादुर बस्नेत एकमायाकी जेठी सौताको छोरा र वादी पदमकुमारीको ज्वाइँ नाता रहेको भन्ने कुरालाई यी पुनरावेदकले अन्यथा भन्न सकेको देखिँदैन । फिरादी पदमकुमारीले आफ्नो फिरादपत्रमा आफ्नो उमेर ६३ वर्ष लेखाएको देखिन्छ । यस्ती वृद्ध महिलाले आफ्नो पति तथा छोराहरू घरमा रहे भएको अवस्थामा रू. ९,००,०००।— (नौ लाख) को लेनदेन कारोबार आफ्नो घरमा नभई अन्यत्र बोक्से चोकमा गर्नुपर्ने आधार कारण मिसिलबाट नदेखिने ।

प्रतिवादी एकमायाले अंश मुद्दाबाट अंश पाएको लगत्तैपछि मरिसकेको शेरबहादुर बस्नेतका नामको कपाली तमसुकबाट रू. ९,००,०००।— थैली कायम गरी लेनदेन

मुद्दा दायर गरेको अवस्थालाई हेर्दा ज्वाइँ-सासू अर्थात् लालबहादुर बस्नेत र पदमकुमारी रायमाझी मिली यी एकमायालाई अंशको सम्पत्ति खान नदिने उद्देश्यले अभिप्रेरित भई प्रस्तुत फिराद पर्न आएको देखिन्छ । शेरबहादुर बस्नेत जीवित रहुञ्जेलसम्म कुनै फिराद दावी नगरी निजको मृत्युपश्चात् मात्र यी एकमाया बस्नेतउपर पर्न आएको फिराद दावी न्यायोचित र कानूनसङ्गत् रहेको नदेखिने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल मङ्सिर १६ गते रोज १ शुभम् ।

५

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-WO-०६३०, उत्प्रेषणयुक्त परमादेश, *झोटी यादव वि. चन्दरदेवी यादवसमेत*

एकासगोलका परिवार भन्दैमा एकाको नितान्त वैयक्तिक दायित्त्व अर्को सदस्यलाई बहन गराउनैपर्छ भन्ने बाध्यता लेनदेन व्यवहारको ८ र ९ नं. ले सिर्जना गरेको मान्न मिल्दैन । साहूसँग ऋण कर्जा लिई लाभ उठाउने तर तिर्न नपरोस् भन्ने उद्देश्यले परिवारको मुख्यको सहमति थिएन भन्ने वा आफ्नो भाग छुट्टिएपछि तिर्छु बुझाउँछु भन्ने तर पारिवारिक सम्पत्तिबाट आफ्नो भाग हिस्सा छुट्ट्याउन कुनै कोशिस नगर्नेका हकमा निजको अंश भागमा पर्न आउने सम्पत्ति छुट्ट्याई बिगो भराई दिन लेनदेन व्यवहारको ८ र ९ नं. बाधक हुँदैन । तर ऋण कर्जा लिनुपर्ने औचित्य र आवश्यकता स्थापित नभएको त्यो ऋण कर्जा के प्रयोजनमा के कसरी खर्च भयो र त्यसबाट परिवारले के लाभ पायो भन्ने विषयमा पनि न्यायकर्ताले सबूद प्रमाणको रोहबाट देखिने स्थितिप्रति न्यायिक मन प्रयोग गर्नुपर्ने ।

स्व. सोन्फी यादवका नामको जग्गा यी चन्दरदेवीले आफूखुशी गर्न पाउने वा निजको निजी आर्जनको जग्गा रहे भएको देखिँदैन । बूढी सासू, ससुरा र जेठाजूसमेतको परिवारमा रहेकी एउटी बिधवा बुहारीले नौ लाख रूपैयाँ ऋण कर्जा लिने र निजलाई पत्याएर दिने, लेनदेन मुद्दामा प्रतिवाद नै नगर्नेसमेतका व्यवहार लेनदेन मुद्दाबाट देखिन्छ । अंश र जालसाजीलगायतका मुद्दाहरू अदालतमा रहेको भन्ने कथन पनि देखिन्छ । ती मुद्दाहरूबाट चन्दरदेवीका स्व. पति सोन्फी यादवका नाममा रहेको सम्पत्तिको विषयमा अदालतले आफ्नो निर्णय दिने स्थिति छँदैछ । यस्तो स्थितिमा उक्त लेनदेन मुद्दाको जरियाबाट स्व. सोन्फी यादवकी पत्नी चन्दरदेवीले एकलौटी रूपमा लिएको ऋण अहिले नै स्व. सोन्फीको नामको सम्पत्तिबाट असूल हुने अवस्था नदेखिने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल मङ्सिर १६ गते रोज १ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-WO-०९५९, उत्प्रेषणयुक्त परमादेश, *सुविधा बचत तथा ऋण सहकारी संस्था लि., महाबौद्ध काठमाडौंसमेत वि. मालपेत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*

कानूनबमोजिम सिर्जित सरकारी कार्यालयले कानूनले दिएको अख्तियारी र सीमाभित्र रही कानूनबमोजिमको कार्य सम्पन्न गर्नु पर्दछ । कानूनले तोकेको सीमा नाघी मनोगतरूपमा कुनै निकायले कार्य गर्न मिल्दैन । मालपोत ऐन, २०३४ ले रोक्का रहेको जग्गा दोहोरो रोक्का गर्ने व्यवस्था गरेको देखिँदैन । कानूनबमोजिम अघिका रोक्का फुकुवा भएपछि मागबमोजिम रोक्का हुनसक्ने नै देखिन्छ । मालपोत कार्यालय, डिल्लीबजारले मिति २०६९।९।२० मा दोहोरो जग्गा रोक्का राख्न नमिल्ने भनी निवेदकलाई पठाएको

पत्र र पुनरावेदन अदालत, पाटनको मिति २०६९।१०।११ को आदेश त्रुटिपूर्ण रहे भएको नदेखिँदा निवेदन मागबमोजिम उक्त पत्र तथा आदेश बदर गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७० साल मङसिर १६ गते रोज १ शुभम् ।

७

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WO-०५५८, ०६८१, परमादेश, *वन तथा भू-संरक्षण मन्त्रालयको तर्फबाट सचिव डा. कृष्णचन्द्र पौडेल वि. प्रकाश तायल, व्रजकिशोर यादव वि. प्रकाश तायल*

निवेदकले खोटो संकलन गर्न इजाजत पाएको अछाम जिल्लामा जिल्ला वन कार्यालयले तयार पारेको वार्षिक अनुगमन तथा मूल्याङ्कन २०६८।२०६९ को प्रतिवेदनमा निवेदक गङ्गा रोजिन एण्ड टर्पेन्टाइन इण्डष्ट्रिजले गरेको कामहरू सन्तोषजनक रहेको भन्ने उल्लेख भई सो प्रतिवेदन सुदूर पश्चिम क्षेत्रीय वन निर्देशनालय धनगढी, कैलालीमा पेश भएको देखिन्छ । प्रतिवेदनमा उल्लेख भएको सो व्यहोराबाट निवेदक उद्योगले कच्चा पदार्थ सङ्कलन गर्ने काममा उक्त करारनामाको लिखतमा उल्लेख भएको शर्तहरूको पालना गरेको भन्ने देखिन आउँछ । करारनामाको लिखतको दफा ३ मा उद्योगले सन्तोषजनकरूपमा कार्य सञ्चालन गरेमा १० वर्षपछि पुन: नवीकरण हुने व्यवस्था भई निवेदकले सन्तोषजनकरूपमा काम गरेको भन्ने कुरा वन मन्त्रालयको जिल्ला स्थित जिम्मेवार निकाय जिल्ला वन कार्यालयको प्रतिवेदनमा उल्लेख भएको अवस्थामा निवेदकको करारनामाको अवधि नवीकरण नगरिनु मनासिब नदेखिने ।

पुनरावेदक वन तथा भू-संरक्षण मन्त्रालय र वन विभागको लिखित जवाफ र यस अदालतमा दिएको पुनरावेदनमा समेत वन पैदावारमा आधारित उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराउने सम्बन्धमा बृहत्तर नीति बनाई लागू गर्न लागिएको र सो नीति लागू भएपश्चात् बोलकबोल र प्रतिस्पर्धाको माध्यमबाट खोटो बिक्रीवितरण गरिने भएकाले निवेदकले करार अवधि नवीकरण नगरिएको भन्ने जिकीर लिइए पनि उक्त नीति हालसम्म बनी लागू भएको भन्ने देखिएको छैन । उक्त नीति कहिले बनिसक्ने र सो कहिलेदेखि कार्यान्वयन हुने भन्ने कुराको पनि निश्चितता देखिएन । यसरी उक्त नीति बनी लागू नहुँदासम्म निवेदकको करार अवधि नवीकरण नहुँदा निवेदकको उद्योगतर्फ तथा सरकारको राजस्व प्राप्तितर्फ आर्थिक क्षति पुग्न जाने अवस्था र स्थितिलाई दृष्टिगत गरी सो बृहत्तर नीति स्वीकृत भई कार्यान्वयन गर्ने समयसीमासम्मको लागि सो करारको अवधि नवीकरण गर्न भनी पुनरावेदन अदालतबाट जारी भएको परमादेशको आदेश मनासिबै देखिने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल कात्तिक ११ गते रोज २ शुभम् ।

- यसै लगाउको पुनरावेदन नं. ०६९-CI-०५५९, ०६८०, परमादेश, *कृष्णचन्द्र पौडेल वि. भद्रकाली रोजिन एण्ड टर्पेण्टाइन इण्डष्ट्रिज प्रा.लि. को तर्फबाट निपेश तायल, व्रजकिशोर यादव वि. भद्रकाली रोजिन एण्ड टर्पेण्टाइन इण्डष्ट्रिज प्रा.लि. को तर्फबाट निपेश तायल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-CI-०७७५, नामसारी, *जङ्गबहादुर ब्याञ्जु वि. रामभक्त मानन्धर*

नापीको स्रेस्तामा जनिएको र आफ्नो हक कायम गराई पाऊँ भनी एउटै जग्गाको सम्बन्धमा दुईजना अलगअलग थर र स्थानका व्यक्तिको दावी परेको अवस्थामा हक बेहकको सवाल खडा भई हक बेहकमा सम्बन्धित अदालतमा नालेश गर्न जानु भनी दुवै पक्षलाई सुनाउनुपर्नेमा वादी दावी खारेज गर्ने गरेको मालपोत कार्यालय, भक्तपुरको निर्णय सदर गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नदेखिँदा उक्त शुरू मालपोत कार्यालय, भक्तपुरको मिति २०६६।३।२२ को निर्णय र पुनरावेदन अदालत, पाटनको मिति २०६७।४।१७ को फैसला बदर गरी दिएको छ । अब वादी प्रतिवादी दुवै पक्षलाई तहाँ कार्यालयबाटै म्याद जारी गरी झिकाई दावीको जग्गामा सम्बन्धित क्षेत्राधिकारको अदालतबाट हक कायम गराई ल्याउन सुनाई दिनु भनी फैसलाको प्रतिलिपिसहित शुरू सक्कल मिसिल मालपोत कार्यालय, भक्तपुरमा पठाई दिने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल माघ ३ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-WO-०२५२, उत्प्रेषणयुक्त परमादेशसमेत, *कर्णबहादुर चन्द ठकुरी वि. भाजुरत्न इञ्जिनियरिङ एण्ड सेल्स प्रा. लि., केन्द्रीय कार्यालय, काठमाडौंसमेत*

भाजुरत्न इञ्जिनियरिङ्ग एण्ड सेल्स प्रा.लि. निजीस्तरको कम्पनी भएकोमा विवाद छैन । त्यस्तो निजीस्तरको भाजुरत्न इञ्जिनियरिङ एण्ड सेल्स प्रा.लि. को पत्रबाट कानूनी व्यवस्थाको अभावमा निवेदकको जग्गा रोक्का राखेको मालपोत कार्यालय, बर्दियाको कार्य प्रारम्भदेखि नै कानूनी अधिकारबिहीन रहेको देखिन आउँछ । अधिकारबिहीन आधारमा रहेको रोक्कालाई फुकुवा नगरेको कार्यबाट निवेदकको संविधान र कानूनप्रदत्त सम्पत्तिसम्बन्धी हकमा आघात पर्न गएको स्पष्टतः देखिन आएकोले उत्प्रेषणको आदेशद्वारा उक्त मिति २०३८।६।२६ को पत्रद्वारा राखिएको रोक्का बदर गरिदिएको छ । साथै निवेदकको रोक्का रहेका जिल्ला बर्दिया, डेउढाकला गा.वि.स. वडा नं. ३(ख) का कि.नं. ५, १६, १७ समेतका जग्गाहरू फुकुवा गरिदिनु भनी मालपोत कार्यालय, बर्दियाको नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल माघ २४ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-CI-०९५६, मोही लगत कट्टा, *खुवाराउत अहिर वि. पतिलाल राउत कुर्मी*

साविक कि.नं. ९४ को ज.वि. ०-९-० को जग्गाधनी हरिवंश पाण्डे ब्राह्मण र मोही चनरदेव राउत कुर्मी भएकोमा सो ज.वि. ०-४-० चनरदेवका भाइ सुरज राउत कुर्मीका नाउँमा, बाँकी ज.वि. ०-५-० चनरदेव राउत कुर्मीका छोरा प्रत्यर्थी पतिलालप्रसाद कुर्मीका नाममा लिखत पारीत भई गएको, सुरज राउतका नाममा गएको ज.वि. ०-४-० मध्ये कित्ताकाट भै कायम कि.नं. १३८ को ज.वि. ०-२-० वैजनाथ राउतलाई र कि.नं. १३९ को बाँकी ज.वि. ०-२-० जग्गा सुरजकी पत्नी मनमतियादेवीको नाममा नामसारी भै तहतह बिक्री हुँदै यी पुनरावेदक वादीले खरीद गरी लिएको अवस्था भएबाट वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७० साल माघ ३ गते रोज ६ शुभम् ।

## इजलास नं. २

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** ०६९-CR-०३८३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. थोमबहादुर तामाङसमेत*

प्रतिवादीहरू मार्ने ठाउँमा भै अरू कुरा केही नगरी हेरी बसेको र मृतक भूईंमा ढलिसकेपछि चतुरमान तामाङ सँगसँगै भागी गएको भन्ने स्पष्ट भएको छ । यद्यपि निजहरूले पनि पर्शुराम वि.क.लाई कुटपीट गरी मारेको हो भन्न सक्ने ठाउँ छैन ।यस्तो अवस्थामा यी प्रतिवादीहरू वारदातस्थलमा रहेको, पर्शुराम वि.क. मरिसकेपछि निजहरू वारदातस्थलबाट भागेसम्मको तथ्य स्थापित भएबाट निजहरूले ज्यानसम्बन्धी महलको १७(३) सम्मको कसूर गरेको स्पष्ट हुने ।

अभियोग दावी लगाउनु र अभियोग स्थापित हुनु अलगअलग कुरा हुन् । त्यसमा पनि फौजदारी कसूरअन्तर्गत अभियोग दावी लिँदा सो दावीलाई पुष्टि गर्ने यथेष्ट प्रमाणहरूको विद्यमानता हुनु अनिवार्य हुन्छ । केवल अनुमान तथा अड्कलका भरमा अभियोगलाई स्थापित गर्दै जाने हो भने फौजदारी न्यायको मूल मर्म नै परास्त हुन गै समग्र न्याय प्रणालीप्रति नै वितृष्णा हुने हुन्छ । प्रस्तुत वारदातमा यी प्रतिवादीहरू वारदातका बखत वारदातस्थलमा मौजूद हुनुबाहेक पर्शुराम वि.क.लाई कुटपीट गरी मार्नेसम्मको कार्यमा यी प्रतिवादीहरूको अन्य कामकारवाही भएको भन्ने वस्तुनिष्ठ प्रमाणको अभाव देखियो । तसर्थ, यी प्रतिवादीहरूको हकमा अभियोग दावीबमोजिमको सजाय निर्धारण गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुने ।

प्रतिवादी थोमबहादुर तामाङ, दुर्गाबहादुर तामाङ, रमेश तामाङ र शम्शेर तामाङ वारदातस्थलमा मौजूद रही चतुरमानले पर्शुराम वि.क.लाई प्रहार गरेपछि निजसँगसँगै भाग्नुबाहेक मृतक पर्शुराम वि.क.लाई कुटपीट गरी कर्तव्य गरी मार्नमा कुनै भूमिका रहेको प्रमाणबाट पुष्टिसमेत हुन नसकेको, तर निजहरूले ज्यानसम्बन्धीको १७(३) बमोजिमको कसूर गरेको स्थापित भएको देखिँदा शुरू संखुवासभा जिल्ला अदालतबाट यी प्रतिवादीहरूलाई सफाइ दिने ठहर्‍याई भएको फैसलालाई केही उल्टी गरी प्रतिवादी थोमबहादुर तामाङ, दुर्गाबहादुर तामाङ, रमेश तामाङ र शम्शेर तामाङलाई ज्यानसम्बन्धीको १७(३) बमोजिम जनही २ वर्ष कैद सजाय हुने ठहर्‍याई पुनरावेदन अदालत, धनकुटाबाट भएको मिति २०६९।३।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७० साल भदौ २३ गते रोज १ शुभम् ।

- ०६९-CR-०२७९, कर्तव्य ज्यान, ने*पाल सरकार वि. निर्वाचन न्यौपानेसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६३-AP-००२०, अपहेलना, *सर्वोच्च अदालत प्रशासन शाखाको प्रतिवेदनसमेत वि. जनआस्था सासाहिकको सम्पादक किशोर श्रेष्ठसमेत*

समाचारबाट न्याय सम्पादनको भूमिकामा रहेको न्यायपालिकाको गरिमामा ठेस पुग्न गएको र यसप्रति रहेको जनआस्थामा आँच पुग्न गएको कुरामा सन्देह नहुनुको साथसाथै लोकतन्त्रमा जनतालाई सुसूचित राख्नुपर्ने भूमिकामा रहेको प्रेस जगतप्रतिसमेत जनतामा भ्रम उत्पन्न भै अविश्वास उत्पन्न गर्ने कार्य

भएको भए तापनि वस्तुत: प्रेसप्रतिको जनविश्वास नै घटेको देखिन आउने ।

अदालत प्रेसजगतप्रति सदा उदार रहनुपर्ने एवं प्रेसको भूमिकासमेत लोकतन्त्रमा महत्त्वपूर्ण रहेको कुरालाई मनन गर्दै, प्रेससँग सम्बन्धित व्यक्तिहरूप्रतिसमेत सहिष्णु रहनु यसको गरिमाअनुकूल हुने भएको महसूस गरी सर्वोच्च अदालतको यो इजलाससमेत विरूद्ध खण्डमा उल्लिखित व्यक्तिहरूप्रति आफ्नो उदारता एवं क्षमताशीलतालाई कायम नै राख्नुको साथै विरूद्ध खण्डमा उल्लिखित विपक्षीहरूले आगामी दिनमा यस प्रकारको कार्य गरी अदालतको गरिमा तथा यसप्रति जनतामा रहेको आस्थालाई ठेस पुर्‍याउने कार्य नगरोस् र अदालतलाई अपहेलनामा कारवाही गर्न बाध्य नहुनु परोस् भन्ने विश्वास राख्ने हुँदा विपक्षीहरूलाई अपहेलनामा सजाय नहुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन १३ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको ०६८-WO-०८३८, उत्प्रेषणसमेत, *फट्टिककुमार श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदक फट्टिककुमार श्रेष्ठले नियुक्ति पाएको मिति २०६६।४।१ देखि आजका मितिअगावै निजलाई तोकिएको पदावधि चार वर्ष व्यतीत भइसकेको देखियो । उल्लिखित चार वर्षको अवधिपश्चात् यी निवेदकको पदावधि थप कायम गरिएको पनि देखिँदैन । यसरी हलेसी महादेवस्थान विकास समिति (गठन) आदेश, २०५३ को दफा (३) बमोजिम निज निवेदक पुन: मनोनीत भएको भन्ने जिकीर निवेदकले लिन नसकेको र निजको नियुक्तिको अवधि हाल कायम नरहेको अवस्थामा मुद्दाको तथ्यमा प्रवेश गरी निर्णय गर्ने अवस्था नहुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७० साल साउन २७ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-०४९३, उत्प्रेषणयुक्त परमादेश, *राजकुमार सिंह वि. राष्ट्रिय सहकारी विकास बोर्ड, पुल्चोक ललितपुरसमेत*

राष्ट्रिय सहकारी विकास बोर्डको मिति २०६८।४।१ को निर्णयले यी निवेदक राजकुमार सिंहलाई साझा स्वास्थ्य सेवा सहकारी संस्था लि.को सञ्चालक समितिको अध्यक्ष पदबाट हटाएको जानकारी निवेदकले मिति २०६८।४।२ मा नै प्राप्त गरिसकेको देखिएकोमा सो निर्णय बदर गराउन निवेदकलाई तत्कालै थाहा जानकारी भएपछि यथासमयमै अदालतमा आउनुपर्नेमा चार महिनापछि मिति २०६८।८।२२ मा मात्र प्रस्तुत रिट निवेदन दर्ता गरेको देखियो । यसरी लामो समयसम्म अर्थात् चार महिनापछिसम्म विलम्ब गरी आउन परेको मनासिब कारण निवेदनमा उल्लेख गर्न सकेको पनि देखिएन । तसर्थ विलम्ब हुनपर्ने कारणबिना अनुचित विलम्ब गरी प्रस्तुत रिट निवेदन दर्ता गरेको देखिन आएकोले अनुचित विलम्ब गरी दर्ता हुन आएकोसमेतले प्रस्तुत निवेदनको भरमा तथ्यमा प्रवेश गरी निर्णयमा पुग्न नमिल्ने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७० साल साउन २७ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०९७०, निषेधाज्ञायुक्त परमादेश, *माधवप्रसाद खनाल वि.*

*जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तु तौलिहवासमेत*

विपक्षी जिल्ला विकास समिति कपिलवस्तुसँग ढुङ्गा, गिट्टी, बालुवाको ठेक्का कारोबार गर्न सम्झौता गरेकोमा प्रारम्भदेखि नै विभिन्न असहज स्थिति उत्पन्न भै कारोबारमा सरलीकरण नभएकै अवस्थामा व्यवस्थापिका संसदको प्राकृतिक स्रोत साधन समितिले वातावरणीय प्रभाव अध्ययनबिना उत्खनन् एवं अनियन्त्रित निकासी रोक्न सम्बन्धित मन्त्रालयलाई निर्देशन जारी गरी सम्बन्धित मन्त्रालयसमेतबाट निर्णय भई सम्बन्धित मन्त्रालयले आफ्ना विभाग र कार्यालयहरूलाई रोक्काको आदेश दिई उल्लिखित सम्झौताको सम्पूर्ण क्रियाकलाप ठप्प पारेको हुँदा क्षति नोक्सानीको मारमा परी सो क्षति नोक्सानी मिनाहाका लागि जिल्ला विकास समिति, तौलिहवासमक्ष निवेदन दर्ता गराएको भनी उल्लेख गरेकोमा सो सम्बन्धमा कानूनबमोजिम हुने नै हुँदा निवेदकको मागबमोजिमको आदेश करारीय दायित्वसम्बन्धी कुरामा जारी गर्ने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: गगनदेवी महतो

कम्प्युटर: विश्वराज पोखरेल

इति संवत् २०७० साल माघ ५ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् ।

- ०६७-CI-०९७२, निषेधाज्ञामिश्रित परमादेश, *टुनिकाप्रसाद भुसाल वि. जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तु तौलिहवासमेत*
- ०६७-CI-०९७१, निषेधाज्ञामिश्रित परमादेश, *कृष्ण सापकोटा वि. जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तु तौलिहवासमेत*

## इजलास नं. ४

१

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०१३०, निषेधाज्ञा, *मायाँदेवी मिश्र वि. सुकुम्बासी समस्या समाधान आयोग, भद्रपुरसमेत*

निवेदकले निवेदनमा नै दावीका जग्गाहरू ऐलानी भनी उल्लेख गरी सो जग्गाको आफ्नो पूर्ण स्वामित्त्वको कुनै पनि प्रमाण पेश गर्न सकेको देखिँदैन । निषेधाज्ञाको आदेश जब प्रत्यर्थीहरूको कार्यद्वारा निवेदिकाको हक अधिकारमा आघात पर्नसक्ने आशङ्का भएमा एवं निर्विवाद हक कायम भएको अवस्था देखिएमा मात्र त्यस्तो अवस्थामा मात्र अदालतबाट आदेश जारी हुन सक्तछ । प्रस्तुत मुद्दामा निवेदन एवं लिखित जवाफ व्यहोराबाट निवेदकले उल्लिखित जग्गामा निर्विवाद हक कायम देखाउन नसकेबाट नागरिक अधिकार ऐन, २०१२ को दफा ६(५), ६(६) र ९ अन्तर्गतको अधिकार हनन् हुने अवस्था विद्यमान नदेखिँदा पुनरावेदन अदालत, इलामको मिति २०६८।१।५ गतेको आदेश सदर हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७० साल पुस १ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको ०६८-CI-०१२९, *नन्दकुमारी मिश्र वि. सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति, भद्रपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०६४७, निषेधाज्ञा, परमादेश, *नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्र, धनुषा जनकपुरधाम वि. जिल्ला विकास समितिको*

*कार्यालय, धनुषासमेत*

निवेदकको मुख्य दावी हेर्दा विपक्षी स्थानीय निकायहरूले बजेट विनियोजन गर्दा अपाङ्गहरूको आर्थिक तथा सामाजिक विकासको कार्यक्रमका लागि १ प्रतिशतदेखि ५ प्रतिशतसम्म रकम छुट्ट्याउनुपर्ने कानूनी व्यवस्था भएकाले आ.व. २०६८।०६९ को बजेट विनियोजन गर्दा अपाङ्गहरूको लागि उपरोक्तबमोजिम रकम विनियोजन नगरी बजेट पारीत नगर्नु भनी विपक्षीहरूका नाममा निषेधाज्ञा र परमादेश जारी गरी पाऊँ भन्ने जिकीर देखिन्छ । विपक्षीहरूको लिखित जवाफमा जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को दफा ११(१) र (३) बमोजिम आ.व. २०६८।०६९ को बजेटमा आन्तरिक स्रोतबाट अपाङ्गता भएका व्यक्तिको लागि रोजगारमूलक कार्यक्रम सञ्चालन गरिने भन्ने उल्लेख भएको देखिन्छ । यसरी निवेदकले माग गरेको विषयमा स्थानीय निकायहरूले कानूनबमोजिम पूरा गर्नुपर्ने दायित्त्व र कर्तव्यहरू पूरा गरिने भनी लिखित जवाफबाट देखिएको अवस्थामा निवेदन दावीबमोजिम आशङ्काको स्थिति नरहेको भनी निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन, अदालतको आदेश मनासिब देखिने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

३

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-१३८८, निषेधाज्ञा, *सिराजुल हसन अन्सारी वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

निवेदकको स्वामित्त्वको कि.नं. ३२३ र ३२६ को जग्गामा नेपालगञ्ज नगरपालिकाबाट इजाजतपत्र प्राप्त गरी घर निर्माण गरेकोमा उक्त घरको तल्लो तलाको पश्चिमतर्फ रहेको टिनको सेड र पक्की चुलो अनधिकृतरूपमा विपक्षी नेपालगञ्ज नगरपालिकाले भत्काई अपूरणीय क्षति पुर्‍याउने आशङ्का रहेकाले निषेधाज्ञाको आदेश जारी गरिपाऊँ भन्ने निवेदकको दावी रहेको देखिन्छ । पुनरावेदन अदालत, नेपालगञ्जले निवेदन खारेज हुने ठहर्‍याएको फैसलाउपर निवेदकको तर्फबाट यस अदालतमा पुनरावेदन परी पेश हुन आएको देखिँदा निवेदकले दावी लिएको विषयमा नगरपालिकाले गरेको निर्णयउपर यिनै निवेदकले बाँके जिल्ला अदालतमा पुनरावेदन दिई सो पुनरावेदन विचाराधीन अवस्थामा रहेको भनी निवेदकले यस अदालतमा दिएको पुनरावेदन पत्रमासमेत उल्लेख भएको देखिन्छ । यसरी दावीको विषयमा छुट्टै कानूनी प्रक्रियाबाट कारवाही चली सो कारवाही विचाराधीन अवस्थामा रहेको र निवेदकले दावी लिएको सम्बन्धमा सोही प्रक्रियाबाट नै न्यायिक निरोपण हुनसक्ने देखिएकाले पुनरावेदन अदालतले निवेदन खारेज गर्ने ठहर्‍याएको आदेश मनासिब देखिने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CR-१२४४, चोरी आगलागी, *नेपाल सरकार वि. चन्द्रेश्वर साह हलुवाई*

वादीका साक्षीहरू दर्शन राय, दयाराम रायसमेतले अदालतमा बकपत्र गर्दा प्रतिवादीको चालचलन राम्रो भएको र कसले जलाए मैले देखिन, मलाई थाहा भएन भनी एकैमिलानको बकपत्रसमेत गरेको अवस्थामा यी प्रतिवादीको चालचलन व्यवहारसमेतबाट यस्तो अपराध गर्ने प्रकृतिको मानिस हुन् भन्ने अनुमान गर्न सकिएन । साथै प्रतिवादीले अदालतमा समेत मैले उक्त घटना वारदात गराएको होइन, छैन

भनी इन्कारी बयान गरेको एवं वादीका केही साक्षीहरूसमेतले उक्त मोटरसाइकल कसले जलाए मैले देखिन, थाहा भएन भनी अदालतमा आई बकपत्रसमेत गरेको अवस्थामा यी प्रतिवादीले भीखारी रायको मोटरसाइकल चोरी गरी लगी आगो लगाउनुपर्नेसम्मको रिसइवि एवं अन्य कारण नदेखिएको अवस्थामा शङ्का र अनुमानको भरमा फौजदारी जस्तो गम्भीर अपराधमा सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तअनुसार न्यायोचित देखिन आएन । फौजदारी अभियोग प्रमाणित हुनको लागि शङ्कारहिततवरले अभियोग पुष्टि हुनुपर्ने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः गीता घिमिरे

इति संवत् २०७० साल पुस १ गते रोज २ शुभम् ।

५

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावेदन नं. ०६८-CI-१३८९, निषेधाज्ञा, *मुबारक अली हल्वाई वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

निवेदकको निवेदनपत्रमा नै जग्गा घरबास मिन्हा जग्गा भई सो जग्गामा बनेको फूसको घरसमेत जग्गाधनी प्रमाणपूर्जा प्राप्त भएपछि रजिष्ट्रेशन पारीत गरिदिने गरी छेदन नाउँबाट खरीद गरेको भन्ने उल्लेख गरेको र लिखित जवाफमा निवेदकले दावी गरेको भनेको घर जग्गा विपक्षीहरूको आफ्नो हकको भएको भन्ने जिकीर लिएको देखिन्छ ।यसरी विवादित घरजग्गा सम्बन्धमा हकबेहक र भोगको समेत विवाद रहेको देखिएको र यसै जग्गा सम्बन्धमा बाँके जिल्ला अदालतमा मुद्दा परी विचाराधीन रहेको मिसिल संलग्न फिराद पत्रको प्रतिलिपिबाट देखिएकाले निवेदकले प्रस्तुत मुद्दामा दावी लिएको विषयमा जिल्ला अदालतमा चलेको मुद्दाबाटै न्यायिक निरोपण हुनसक्ने भएकाले निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालतको आदेश मनासिब देखिने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

६

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-१४९७, परमादेश, *नापी कार्यालय, बर्दियासमेत वि. टीकाराम पौडेल*

निवेदक र प्रतिवादी शिवलाल भण्डारीसमेत भएको नक्सा ट्रेस तथा निर्णय बदर तथा सोको आधारमा दर्ता स्रेस्ता बदर गरिपाऊँ भन्ने २०५४ दे.नं. ६६७।२७ को मुद्दामा न.नं. ८, ९, १० को घरजग्गा वादीको देखिन आएकोले सोहीअनुसारको नक्सा कायम गर्नु भनी बर्दिया जिल्ला अदालतबाट फैसला भएको देखिन्छ । सो फैसलाउपर उक्त मुद्दाका प्रतिवादीहरूको पुनरावेदन अदालत, नेपालगञ्जमा पुनरावेदन परेकोमा सो अदालतबाट शुरू फैसला सदर हुने ठहर्‍याई मिति २०५८।९।४ मा फैसला भएपश्चात् उक्त फैसला कार्यान्वयनको सिलसिलामा बर्दिया जिल्ला अदालतबाट च.नं. ६३६ मिति २०५९।६।९ मा नापी शाखा, बर्दियालाई फैसलाअनुसारको कार्य सम्पन्न गरी दिन भनी पत्राचार भएको भन्ने कुरा मिसिल संलग्न फैसलाहरू र पत्रहरूको प्रतिलिपिबाट देखिन्छ । विपक्षी नापी कार्यालयको लिखित जवाफ र सो कार्यालयको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्रमा समेत उक्त निर्णयअनुसारको काम २०५३।२।२९ र २०५३।४।२८ मा भइसकेको भनी जिकीर लिएको देखिन्छ । तर बर्दिया जिल्ला अदालतबाट २०५७।२।४ मा फैसला भई पुनरावेदन तहबाट २०५८।९।४ मा भएको फैसलाअनुसारको कारवाही नापी शाखाबाट कार्यान्वयन भएको भन्ने सो लिखित जवाफबाट पनि देखिन आएन । नापी कार्यालयको लिखित जवाफमा नै २०५३।२।२९

र २०५३।४।२८ मा भएको नक्सा सुधारमा चित्त नबुझी वादीले बर्दिया जिल्ला अदालतमा नक्सा ट्रेस बदरसमेत मुद्दा दायर गरी २०५७।२।२४ मा फैसला भएको भन्ने उल्लेख भएको देखिएकाले अदालतको फैसलाको कार्यान्वयन पहिले नै भइसकेको भन्ने पुनरावेदक विपक्षीको जिकीर मनसिब नदेखिँदा नक्सा ट्रेस तथा निर्णय बदर मुद्दामा बर्दिया जिल्ला अदालतबाट भएको मिति २०५७।२।२४ को फैसला पुनरावेदन तहबाटसमेत सदर भइसकेको अवस्थामा सो फैसलाबमोजिमको कामकारवाही अविलम्ब कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६८।८।२१ को आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-१४९९, उत्प्रेषण, परमादेश, *साविर अली दर्जी वि. सहकारी वित्तीय विकास संस्था लि. प्रधान कार्यालय, नेपालगञ्जसमेत*

विपक्षी सहकारी लिमिटेडले जग्गा लिलामीसम्बन्धी सूचना प्रकाशित गरी यी पुनरावेदकले सो जग्गा बढाबढमा कबोल गरेको भन्ने कुरामा विवाद छैन । तर, विपक्षी सहकारी संस्था लिमिटेडको लिखित जवाफमा यी पुनरावेदकले सो जग्गा लिलाम सकार गरी १० प्रतिशत रकम मिति २०६७।९।२२ मा रकम दाखिल गरे पनि बाँकी ९० प्रतिशत रकम नबुझाएको र बाँकी रकम नबुझाएसम्म दाखिल खारेज गर्ने पत्राचार गर्न नमिल्ने हुँदा दा.खा. हुन नसकेको भन्ने जिकीर लिएको पाइन्छ । विवादित जग्गाको जग्गाधनी निजामुद्दिनले लिलामसम्बन्धी ३५ दिने सूचना त्रुटिपूर्ण भई लिलामीको सूचना प्राप्त गर्न नसकी एकतर्फीरूपमा जग्गा लिलाम भएकाले कर्जाको बाँकी रहेको रकम बुझी जग्गा फुकुवा गरिपाऊँ भनी निवेदन दिएकाले सञ्चालक समितिको मिति २०६८।१।९ को बैठकले लिलामी सूचनामा ठेगाना र कर्जासमेत फरक परेकाले हाल उक्त लिलाम बढाबढ गर्ने निर्णय स्थगित गरिएको भन्ने पनि विपक्षी सहकारी संस्था लिमिटेडको लिखित जवाफमा उल्लेख भएको देखिँदा लिलाम बढाबढको सूचना प्रकाशित गर्ने सहकारी सस्थाले नै लिलामीको सूचनामा केही त्रुटि भएको तथा लिलाम सकार गर्ने व्यक्ति यी पुनरावेदकले तोकिएको मितिसम्ममा सकार गरेको बाँकी रकम दाखिला नगरेको अवस्थामा सो सहकारी संस्थाको सञ्चालक समितिको २०६८।१।९ को निर्णयअनुसार लिलामसम्बन्धी कामकारवाही यथास्थितिमा राखिएको देखिएकाले तत्काल निवेदकको मागबमोजिमको आदेश जारी गर्नु नपर्ने ठहर्‍याएको पुनरावेदन अदालतको आदेश मनासिबै देखिने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

८

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०६२६, ००७०, ००७१, लागू औषध (सेतो हेरोइन), *चन्द्रबहादुर राई वि. नेपाल सरकार, नेत्रबहादुर लामा वि. नेपाल सरकार, वीरबहादुर तामाङ वि. नेपाल सरकार*

प्रतिवादीहरू लागू औषध बरामद भएको बरामदी मुचुल्काको रोहबरमा बसी अनुसन्धानको क्रममा बयान गर्दा पनि सो लागू औषध आफ्नो साथबाट बरामद भएको स्वीकार गरी एक अर्कोलाई पोल गरेको देखिन्छ । निजहरू अदालतको बयानमा कसूरमा इन्कार

भएको देखिए पनि प्रतिवादी नेत्रबहादुर लामाले निजको कोठाबाट उक्त लागू औषध बरामद भै बरामदी मुचुल्का आफ्नो रोहबरमा भएको भन्ने कुरा स्वीकार गरेको व्यहोरा उल्लेख गरेको देखिने ।

अदालतमा बयान गर्दा अनुसन्धानको क्रममा भएको बयान स्वेच्छाले नभएको भन्ने जिकीर लिएको देखिए पनि अनुसन्धानको क्रममा भएको बयानलाई बरामदी मुचुल्काको पुष्टि गरेको देखिन्छ । केवल अदालतको बयानमा अनुसन्धानको क्रममा भएको बयान स्वेच्छापूर्वक नभएको भन्ने आधारमा पहिले भएको बयान प्रमाणमा लिन नमिल्ने भन्न मिल्दैन । उक्त बयान आफ्नो स्वेच्छाले नभएको भन्ने कुनै तथ्ययुक्त प्रमाण प्रतिवादीहरूबाट पेश भएको छैन । यी प्रतिवादीहरूको साथबाट १ के.जी. ४५० ग्राम लागू औषध बरामद भै सो बरामद भएको वस्तु लागू औषध हेरोइन भएको भन्ने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिँदा प्रतिवादीहरू नेत्रबहादुर लामा, चन्द्रबहादुर राई र वीरबहादुर तामाङलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को देहाय (छ) (३) बमोजिम जनही १८ (अठार) वर्ष कैद र रू. पन्ध्र लाख जरीवाना हुने ठहर्‍याएको शुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः भास्कर पगेनी

इति संवत् २०७० साल साउन ३० गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६८-WO-०७४३, उत्प्रेषणयुक्त परमादेश, *श्यामबहादुर थापा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

२०३० सालमा अधिग्रहणको सूचना निस्केको निवेदकको जानकारीमा छ र लामो समयसम्म मुआब्जा नपाएको भए निजले कुनै दावी उजूरी नगर्नु पर्ने भरपर्दो कारण र अवस्था छैन । अधिग्रहण भइसकेको जग्गाको लगत कट्टा नहुनु, निवेदकलाई निर्णय गरी जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराई दिनु, मालपोत तिर्नु र सरजमीन तथा सिफारिश हुनु जस्तो कुरा हक स्थापनाका आधार बन्दैनन् । यस अवस्थामा कीर्तिपुर नगरपालिकाको २०६७।८।२८ को निर्णय र २०६७।९।२ को पत्र र नेपाल औद्योगिक विकास निगमको २०६७।७।३० को पत्रसमेत निवेदकले जिकीर लिएबमोजिम कानूनप्रतिकूल नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: देवीकुमारी चौधरी

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७० साल मङ्सिर ६ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** साधक नं. ०७०-RC-००३८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सानुबाबु थापामगर*

गोमा भुजेलले उपचारको क्रममा अस्पतालमा रहँदा प्रतिवादीले १½ महिनाअगाडि प्रेम विवाह गरी डेरामा राखेको, मिति २०६२।१२।१४ गते सौता र प्रतिवादी सानुबाबुबीच झगडा भएको, सोही विषयको क्रममा आफू र प्रतिवादीबीच झैझगडा हुँदा रातको अन्दाजी ८ बजेको समयमा प्रतिवादीले आफूलाई कर्तव्य गरी मार्ने उद्देश्यले शरीरमा आगो लगाएका हुन् भनी घटना हुँदाका राति घटना विवरण खुलाई कागज गरेको भन्ने देखिएको छ । उक्त कागजमा मृतक गोमा भुजेल बस्ने घरका घरधनी विद्यानिधि सिग्देलसमेतको अदालतको बकपत्रबाट समेत

पुष्टि भएको देखिने ।

मृतक गोमा भुजेलले आफू मर्नुपूर्व होशमा छँदै मृत्युको कारण सम्बन्धमा व्यक्त गरेको उल्लिखित व्यहोरा प्रमाण ऐन, २०३१ को दफा ११ को अनुसार मृत्युकालीन घोषणाको रूपमा प्रमाणमा लिन मिल्ने नै देखिन्छ । मौकामा अनुसन्धानमा संलग्न भई अदालतमा आई बकपत्र गर्ने प्रत्यक्षदर्शी जाहेरवाला तथा प्रहरी कर्मचारीको लिखित अभिव्यक्तिसमेतबाट मृतकले मृत्युपूर्व व्यक्त गरेको मृत्युकालीन घोषणा र प्रतिवादीको मौकाको बयान समर्थित भई पुष्टि भएकोसमेतका आधार कारणबाट प्रतावादी सानुबाबु थापामगरकै कारण र कर्तव्यबाट गोमा भुजेलको मृत्यु हुन पुगेको देखिँदा काठमाडौं जिल्ला अदालतले प्रतिवादी सानुबाबु थापामगरलाई सफाइ दिने ठहर गरेको फैसला उल्टी गरी निज प्रतिवादी सानुबाबु थापामगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृत: कपिलमणि पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७० साल माघ ३ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-WO-१०८३, उत्प्रेषण, प्रतिषेध परमादेश, *सुरेशकुमार अग्रवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपाल आयल निगम लिमिटेडको मिति २०७०।७।४ को प.सं. २०७०।७।५ च.नं. १३८७ को पत्रअनुसार निवेदकले मिति २०७०।७।५ गते ५८ वर्षको उमेर हद पूरा गरी मिति २०७०।७।६ गतेदेखि लागू हुने गरी अवकाश पाइसकेको तथा निवेदकको निवेदन माग दावी निष्प्रयोजित भइसकेबाट निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: देवीकुमारी चौधरी

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७० साल मङ्सिर ९ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-WH-००१३, बन्दीप्रत्यक्षीकरण, *मोहम्मद मजरुल ईस्लामको हकमा अधिवक्ता सन्तोष बस्नेत वि. गृह मन्त्रालयसमेत*

कानूनले नै कल बाइपासमा कारवाही र सजाय जिल्ला अदालतले गर्ने तथा सेवाप्रदायकलाई भएको हानिबापतको बिगोबापतसमेत कारवाही दूरसञ्चार प्राधिकरणले गर्ने भन्ने कानूनी प्रबन्ध रहेको स्थितिलाई दोहोरो खतराको सिद्धान्तले नसमेट्ने ।

एउटा ऐनमा विभिन्न भाग वा परिच्छेद वा दफा उपदफा वा खण्डमा उल्लेख भएको प्रबन्धको अर्थ अलगअलग हुनसक्ने हुँदा एउटै दफाले व्यवस्था गर्दैमा ती सबै एउटै कसूर हुन् भनी अर्थ गर्न नमिल्ने ।

सेवा प्रदायकलाई भएको हानि निर्धारण गर्न प्राविधिकरूपमा यकीन गर्नुपर्ने भएबाट त्यो बिगो निर्धारण गर्ने दायित्त्व कानूनले नै दूरसञ्चार प्राधिकरणलाई कल बाइपास हो होइन र हो भने कसले गरेको हो प्रमाणको मूल्याङ्कनद्वारा ठहर गरी कैदसमेत गर्ने जिम्मेवारी जिल्ला अदालतलाई कानूनले नै स्पष्ट शब्दमा दिइरहेको छ । यस्तो अवस्थामा एउटै कसूरमा दुईपटक कारवाही र सजाय भएको प्रश्न उठ्न नसक्ने हुँदा निवेदक गैरकानूनी थुनामा रहेको भन्ने नदेखिएको र अधिकारप्राप्त अधिकारीले कानूनबमोजिम थुनामा राखी कारवाही गरेको विषयमा कुनै कानूनी त्रुटि रहे भएको अवस्था देखिन नआएकोले रिट निवेदकको निवेदन

मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: हरिहर पौडेल
कम्प्युटर: विदुषी रायमाझी
इति संवत् २०७० साल असोज १७ गते रोज ५ शुभम् ।

## इजलास नं. ६

**मा.न्या. श्री वैद्यनाथ उपाध्याय र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-CR-०४८०, ०४८१, बहुविवाह, *मुकुन्दनाथ अमगाई वि. नेपाल सरकार, दिवा भट्टराई वि. नेपाल सरकार*

प्रतिवादी दिवा भट्टराईको समेत उपस्थितिमा सम्बन्धबिच्छेद मुद्दामा मिति २०६९।०६।२८ मा वादी प्रतिवादीहरूबीच वादी मुकुन्दनाथ अमगाईकी एक मात्र पत्नी प्रतिवादी कल्पना देवकोटा अमगाई मात्र अंशियार भएको हुँदा वादीबाट प्रतिवादीले दुई भागको एक भाग अंशबापत सात लाख रूपैयाँ लिई सम्बन्धबिच्छेद गर्ने मिलापत्र भएको देखिन्छ । यसरी उक्त मिलापत्र हुँदा मुकुन्दनाथ अमगाईकी एक मात्र पत्नी कल्पना देवकोटा भन्ने व्यहोरा राखी जाहेरवाली र प्रतिवादीले मिलापत्र गरेका र असर पर्नसक्ने दिवा भट्टराईसमेतको उपस्थिति रहेको देखिँदा दिवा भट्टराई र मुकुन्दनाथ अमगाईबीच विवाह नै भएको छैन भन्ने कुरामा जाहेरवालीसमेत सहमत भएको देखिनाले प्रतिवादीहरू मुकुन्दनाथ अमगाई र दीवा भट्टराईबीच विवाह भएको भन्ने नदेखिने ।

प्रतिवादी मुकुन्दनाथ अमगाईले आफ्नो पहिलो श्रीमतीसँग कानूनीरूपमा छोडपत्र गरिसकेको र दीवा भट्टराईसँग विवाह गरेकोसमेत नदेखिएको अवस्थामा यी प्रतिवादीहरूउपर लिएको मुलुकी ऐन, विहावरी महलको ९ र १० नं. को अभियोग दावी कानूनसङ्गत् नदेखिने ।

इजलास अधिकृत: मीना गुरुङ
इति संवत् २०७० साल पुस २९ गते रोज २ शुभम् ।

## इजलास नं. ७

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-०७२८, उत्प्रेषणमिश्रित परमादेश, *साधु साह सुडी वि. अञ्चल प्रहरी कार्यलिय, लुम्बिनी, भैरहवासमेत*

निवेदकले जुन अवधिको लागि राशन ठेक्काको बोलपत्र फाराम बुझाएको भनी उल्लेख गरेको उक्त अवधि अर्थात् २०६८।१०।१ देखि २०६९ पुस मसान्तको अवधि व्यतीत भैसकेको छ । ठेक्काको अवधि नै व्यतीत भैसकेको अवस्थामा निवेदक मागबमोजिमको आदेश निष्प्रयोजन हुने देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: खेमकुमारी बस्नेत
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७० साल मङ्सिर १७ गते रोज २ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०१८१, उत्प्रेषण, *श्रीम् उष्मा/गौरी पार्वती/सावन इलेक्ट्रिकल्स/जेभी-उपक्रम वि. नेपाल विद्युत प्राधिकरणसमेत*

पुनरावेदन अदालतले असाधारण अधिकारक्षेत्रअन्तर्गतका रिट निवेदनमा अवस्था हेरी अन्तरिम आदेश दिन वा नदिन सक्दछ । एउटा पूर्ण सक्षम न्यायिक निकायले अन्तरिम आदेश नदिएकोमा पुनः यस अदालतले सोही विषयको रिट निवेदन लिई सक्षम निकायमा विचाराधीन रहेको विषयलाई प्रभाव पर्ने गरी हस्तक्षेप गर्न नमिल्ने ।

क्षेत्राधिकार सम्पन्न पुनरावेदन अदालतमा विचाराधीन रिट निवेदनमा त्यहींबाट उपयुक्त निर्णय दिन सक्ने अवस्थामा हुँदाहुँदै सो विचाराधीन रिट निवेदनलाई प्रत्यक्ष असर गर्ने गरी यस अदालतसमक्ष प्रस्तुत निवेदन मागदावीमा विचार गर्नुपर्ने अवस्था नदेखिएबाट विपक्षीहरूबाट कारण देखाउ आदेशसमेत जारी गरिरहनु पर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल भदौ १८ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री प्रकाश वस्ती,** ०७०-WO-०३०३, उत्प्रेषण, *राजु महर्जन वि. राजु तामाङसमेत*

मुद्दाका वादी प्रतिवादी दुबै पक्षको प्रमाण संकलन गर्ने, तिनको परीक्षण गर्ने र मूल्याङ्कन गर्ने शुरू अदालतको दायित्त्व हो । प्रमाण मुकररका क्रममा हुने आदेशलाई हस्तक्षेप गर्दै बदर गर्दै जाने हो भने शुरू अदालतको क्षेत्राधिकारमा हस्तक्षेप गरेको मान्नुपर्ने हुन्छ । प्रमाण बुझ्ने कार्यमा कुनै कार्यविधिगत त्रुटि भएमा त्यसको उपचार त्यही अदालतबाट प्राप्त हुन्छ । यस्ता त्रुटिका विषयमा मुद्दाको फैसला भएपछि पनि प्रश्न उठाउन सकिन्छ । तर, अन्तिम तहको यस अदालतले प्रमाण बुझ्ने क्रममा जिल्ला अदालतले गरेको र पुनरावेदन अदालतले समेत त्यस आदेश तथा कारवाहीलाई अनुमोदन गरिसकेको अवस्थामा यस अदालतबाट कारण देखाउको आदेश तथा अन्तरिम आदेशसमेत जारी गर्नु समन्यायिक दृष्टिबाटसमेत उचित नहुने ।

क्षेत्राधिकार सम्पन्न जिल्ला अदालतबाट नै निवेदकले उठाएका प्रश्नहरूमा उपयुक्त निर्णय दिनसक्ने अवस्थामा हुँदाहुँदै त्यहाँ विचाराधीन करकाप मुद्दामा आवश्यक प्रमाण बुझ्ने कुरालाई नै प्रत्यक्ष असर गर्ने गरी यस अदालतसमक्ष प्रस्तुत निवेदन मागदावीमा विचार गर्नुपर्ने अवस्था नदेखिएबाट विपक्षीहरूबाट कारण देखाउ आदेशसमेत जारी गरिरहनुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल कात्तिक ४ गते रोज २ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७०-WO-६५३, उत्प्रेषणयुक्त परमादेश, *डा. विजय सिंह सिजापति वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौंसमेत*

त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ र त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवासम्बन्धी नियमको अधिकार प्रयोग गरी बनेको त्रिभुवन विश्वविद्यालय शिक्षक नियुक्तिका आधार, कार्य सम्पादन मूल्याङ्कन तथा कार्यक्षमता अङ्क विभाजन एवं सिफारिशसम्बन्धी प्रक्रिया, २०६४ को अनुसूची ७ को देहाय ३ मा उल्लिखित विशेषज्ञसम्बन्धी व्यवस्थाको खण्ड २ बमोजिम "अन्तर्वार्ताका लागि बस्ने विज्ञहरू पाइएसम्म कृति मूल्याङ्कन गर्ने विज्ञहरू भन्दा फरक हुनेछ" भन्ने कानूनी व्यवस्था भएकोमा सो विपरीत हुने गरी अन्तर्वार्ता र कृति मूल्याङ्कन गर्ने व्यक्तिहरू समान रहेको देखिएकोले बढुवा प्रक्रिया कानूनसङ्गत् तरीकाले सम्पन्न भएको नदेखिएकोले सो बढुवा सिफारिश र सोलाई पुनरालोकन गर्ने त्रिभुवन विश्वविद्यालय पुनरावेदन आयोगको मिति २०६९।११।२६ को बढुवा सिफारिश र सोउपर पुनरावेदन सुन्ने पुनरावेदन आयोगको निर्णयमा कानूनी त्रुटि रहेको प्रथमदृष्टिमा नै देखिन आएकोले उक्त बढुवा समितिको मिति २०६९।११।२६ को बढुवा सिफारिश र सोउपर पुनरावेदन सुन्ने

पुनरावेदन आयोगको मिति २०७०।११।९ को निर्णयबाट निवेदकलाई अपूरणीय क्षति हुनसक्ने तथा सुविधा सन्तुलन (Balance of Convenience) को दृष्टिबाट मर्का पर्नसक्ने देखिँदा प्रस्तुत रिटको टुङ्गो नलागेसम्म उक्त निर्णय कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा राख्नु भनी प्रत्यर्थीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल चैत ६ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की,** २०७० सालको रिट नं. ०७०-WO-०६५४, उत्प्रेषण, *अधिवक्ता श्री कृष्ण सुवेदी वि. शिक्षा मन्त्रालयसमेत*

मिति २०६९।११।४ मा संस्थागत विद्यालय मापदण्ड सञ्चालन निर्देशिका, २०६९ समेत जारी भएको अवस्थामा विपक्षीहरूमध्ये निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन), तथा राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोशिएसन, नेपाल (एन प्याब्सन) ले १८% शुल्क बृद्धि गर्ने गरी निर्णय गरेको अवस्था देखिँदा यस अदालतबाट जारी निर्देशनात्मक आदेश, संस्थापक विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ एवं शिक्षा नियमावली, २०५९ को विपरीत देखिएको हुँदा आम अभिभावक एवं विद्यार्थीहरूलाई असर पर्ने गरी तत्काल शुल्क बृद्धि गर्नेलगायतका कुनै पनि निर्णय कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल चैत ५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की,** २०७० सालको रिट नं. ०७०-WO-०६५५, उत्प्रेषण, *मोतीसरा रानाभाट वि. मालपोत कार्यालय, कास्कीसमेत*

निवेदिकाको पतिको दलबहादुर रानाभाटको नाउँमा २०३२।९।९ मा सर्भे नापीमा विवदित कि.नं. १०४ र १०८ को जग्गा नापी भएको फिल्डबुक उतारमा देखिएको र तिरोभोगसमेत देखिएको अवस्थामा निज निवेदिकालाई बुझ्दै नबुझी सुकुम्बासी समस्या समाधान आयोगबाट विपक्षी नं. ५ को नाममा ज.ध. पूर्जा वितरण गर्ने निर्णय भएको व्यहोरा विपक्षी मालपोत कार्यालय, कास्कीको मिति २०७०।१०।१३ च.नं. १६२१ बाट पुनरावेदन अदालत, पोखरालाई लेखेको पत्रबाट जानकारी दिएको देखिएकोले एकाको हकको दर्ता तिरो भरोको जग्गा हकवालालाई बुझ्दै नबुझी सुकुम्बासी समस्या समाधान आयोगले उनाउ व्यक्तिको नाउँमा उक्त जग्गाधनी प्रमाणपूर्जा वितरण गर्ने निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिएकोले प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विघटित सुकुम्बासी समस्या समाधान आयोगबाट मिति २०५८।३।२५ मा भएको निर्णय कार्यान्वयन नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल चैत ५ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की,** २०७० सालको रिट नं. ०७०-WO-०६५७, उत्प्रेषण, *कृष्णप्रसाद पौडेलसमेत वि. त्रिभुवन विश्वविद्यालय, पुनरावेदन आयोग, कीर्तिपुरसमेत*

रिट निवेदकहरूलाई त्रिभुवन विश्वविद्यालय, सेवा आयोगबाट पदोन्नति गरी सहप्राध्यापक पदमा नियुक्तिका लागि सिफारिश गरेको उपर प्रत्यर्थीहरूको त्रि.वि.वि. पुनरावेदन आयोगसमक्ष उजूरी परी मिति २०७०।११।९ गते निर्णय गरिँदा त्रि.वि.वि. शिक्षक नियुक्तिका आधार कार्य सम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अङ्क विभाजन एवं सिफारिशसम्बन्धी प्रक्रिया, २०६४ को अनुसूची ३ को ५ 'क' 'ख' को त्रुटि गरी निर्णय गरेको देखिएको साथै निर्णयमा प्रत्यर्थीहरूले कति कति कूल प्राप्ताङ्क प्राप्त गरेका हुन् र निवेदकहरूको भन्दा घटी

वा बढी प्राप्त अङ्कको सम्बन्धमा कुनै उल्लेख नै नगरी निर्णय गरेको हुँदा उक्त निर्णयबाट यी रिट निवेदकहरूको अपूरणीय क्षति पुग्न जाने देखिँदा प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म त्रिभुवन विश्वविद्यालय, पुनरावेदन आयोगको मिति २०७०।११।९ को निर्णय कार्यान्वयन नगर्ने नगराउने भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल चैत ५ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०६३९, उत्प्रेषण, *जेनेटिक ल्याबरोटरी प्रा.लि. वि. श्रम अदालतसमेत*

जगदीश महतो र चनरदेव साह कानुलाई निवेदक प्रतिष्ठानले खराब आचरण गरेको भन्ने आधारमा सेवाबाट हटाउने गरी सजाय गरेकोमा प्रत्यर्थी श्रम अदालतबाट निवेदकको निर्णय प्राकृतिक न्याय सिद्धान्तप्रतिकूल भएको भनी बदर गरी सेवामा पुनर्बहाली हुने ठहऱ्याई मिति २०७०।१०।२२ मा फैसला गरेको देखिन्छ । प्रस्तुत रिट निवेदन खारेज भएको अवस्थामा प्रत्यर्थी जगदीश महतो र चनरदेव साह कानुलाई शुरूदेखिकै तलब भत्ता सुविधा दिनु नै पर्ने अवस्था विद्यमान छ । निज श्रमिकलाई स्पष्टीकरण सोधिएको पत्र बुझ्न अस्वीकार गरिएकोले सूचना पाटीमा टाँस गरी मुचुल्का गरेको भन्ने मिसिल संलग्न फोटोकपीबाट देखिन्छ । हुलाकबाट उक्त स्पष्टीकरण सोधिएको पत्र प्रेषित गरिएको र सर्वोपरि निजहरूले स्पष्टीकरण पेश गरेको परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्मको लागि प्रत्यर्थी श्रमिकहरूलाई पुनर्बहाली गर्ने गरी गरिएको श्रम अदालतको मिति २०७०।१०।२२ को फैसला कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल फागुन २९ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०६४३, उत्प्रेषण, *मिथलेश सिँह वि. गृह मन्त्रालयसमेत*

निवेदकले नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्ने गरी गृह मन्त्रीबाट भएको निर्णय नागरिकता ऐन, २०६३ को दफा १४(१) तथा दफा २०(१) को प्रतिबन्धात्मक वाक्यांशसमेतको आधारमा अधिकारक्षेत्रात्मक त्रुटि रहेको भन्ने निवेदन दावी रहेको देखिन्छ । निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्ने गरी गृहमन्त्रीबाट भएको मिति २०६९।१२।२५ को उक्त निर्णय सदर गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट फैसला भएको देखिन्छ । ०६८-CR-१०६० को नागरिकता बदर मुद्दा (नेकाप २०७० असोज, नि.नं. ९०२०, पृष्ठ ७६५) मा प्रतिपादित सिद्धान्त र अधिकारक्षेत्रसमेतको परिप्रेक्ष्यमा २०७० सालको ०५-०६९-०२९२६/DP-०७६२ नं. को मुद्दामा पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।८।१७ मा भएको फैसला सो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु भनी सुविधा सन्तुलनको दृष्टिबाट आदेश जारी हुने ।

इति संवत् २०७० साल फागुन २९ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०६७७, उत्प्रेषणसमेत, *प्रभाकर अधिकारी वि. त्रिभुवन विश्वविद्यालय, कार्यकारी परिषद् कीर्तिपुर, काठमाडौंसमेत*

त्रि.वि.को कानूनतर्फको प्राध्यापक पदको बढुवाका लागि प्रकाशित विज्ञापन नं. २।२०६९-०७० (आन्तरिक प्रतियोगिता) मा निवेदक सरह सोही पदमा उम्मेद्वार रहेका डा. विजयसिंह सिजापतिले सोही विज्ञापनका आधारमा भएको सिफारिश विरूद्ध मिति २०७०।११।३० मा दायर गर्नु भएको ०७०-WO-०६५३, मा यस अदालतबाट

मिति २०७०।१२।६।५ मा उक्त मिति २०६९।११।२६ को सिफारिश कार्यान्वयन नगर्न नगराउन अन्तरिम आदेश जारी भएको पाइन्छ । सोही विज्ञापन नं. र सोही पदका हकमा पहिले नै अन्तरिम आदेश जारी भई उक्त बढुवा सिफारिशको कार्यान्वयन रोकिएको स्थिति भएबाट उक्त ०७०-WO-०६५३ को रिट निवेदनमा अन्तरिम आदेश जारी हुँदा उल्लेख गरिएका कारण र आधार प्रस्तुत रिट निवेदनमा समेत आकर्षित हुने देखिन्छ । तसर्थ रिक्त कानूनतर्फको प्राध्यापक पदका लागि मिति २०६९।११।२६ मा भएको सिफारिश जे जस्तो अवस्थामा छ यथास्थितिमा राखु कार्यान्वयन नगर्नु नगराउनु तथा उक्त रिट निवेदन दायर भएपश्चात् तथा अन्तरिम आदेश जारी भएकै दिन अर्थात् मिति २०७०।१२।६ मा मुद्दा यस अदालतमा विचाराधीन रहँदारहँदै ६ पद कानून प्राध्यापक बढुवाको लागि गोरखापत्रमा विज्ञापन नं.९/२०७०-०७१ मार्फत दरखास्त माग भएको पाइन्छ । यस नयाँ विज्ञापनमा निवेदकले दरखास्त दिँदा समर्पणको सिद्धान्तले यो रिट निवेदनमा प्रतिकूल प्रभाव पर्ने र दरखास्त नदिँदा यो रिट निवेदन केवल विचाराधीनसम्म रहेको भई उक्त नयाँ विज्ञापनअनुसार बढुवा कारवाही अगाडि बढ्दा निवेदकलाई अपूरणीय क्षति हुने स्थिति भएबाट यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विज्ञापन नं. ९/२०७०-०७१ अनुसार कानूनतर्फको मात्र बढुवा कारवाही नगर्नु नगराउनु जहाँ जे जस्तो अवस्थामा छ यथास्थितिमा राखु भनी अन्तरिम आदेशसमेत जारी हुने ।

इति संवत् २०७० साल चैत १३ गते रोज ५ शुभम् ।

८

**मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०७०-WS-००४६, उत्प्रेषण, *कल्पना पन्त वि. सामान्य प्रशासन मन्त्रालयसमेत*

प्रस्तुत रिट निवेदकको अन्तिम टुङ्गो नलाग्दै निवेदिका एक उम्मेद्वार हुँदा निजलाई बाहेक गरी अन्य उम्मेद्वारमध्येबाट मात्र निवेदनमा उल्लिखित उक्त पदपूर्तिको प्रक्रिया सम्पन्न भइसक्ने देखिएकोले त्यस अवस्थामा निवेदकले माग गरेको उपचार नै निष्प्रभावी हुनसक्ने हुँदा सुविधा सन्तलुनका हिसाबले प्रस्तुत रिट निवेदनको अन्तिम किनारा हुँदा ठहरेबमोजिम हुने गरी हाल निवेदिकाको बढुवा दरखास्त फाराम प्रमाणित गरी बढुवा प्रक्रियामा समावेश गर्नु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल चैत ३ गते रोज २ शुभम् ।

९

**मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०७०-WO-०६४७, उत्प्रेषण, *शशिकान्त अग्रवाल वि. श्रम अदालतसमेत*

श्रम अदालतको मिति २०७०।१०।२४ को फैसला कार्यान्वयन भएमा रिट निवेदकलाई अपूरणीय क्षति हुन गई विचाराधीन रिट निवेदनसमेत निष्प्रयोजित हुने हुँदा सम्मानीत सर्वोच्च अदालतबाट रिट नं. ०६८-WO-०४१३, मा यस्तै प्रकृतिको विवादमा अन्तरिम आदेश जारी गरेको देखिएको अवस्थासमेतलाई मध्यनजर गर्दै सुविधा सन्तुलनको दृष्टिकोणले प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागुन्जेल श्रम अदालतको मिति २०७०।१०।२४ को फैसला मिति २०७०/११/२५ को पत्र तत्काल कार्यान्वयन नगर्नु, नगराउनु, यथास्थितिमा राखु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल चैत ३ गते रोज २ शुभम् ।

१०

**मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०७०-WO-०६५०, उत्प्रेषणसमेत, *करे सिँह भुलसमेत वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालयसमेत*

विपक्षी लोक सेवा आयोगको मिति २०७०।१०।९ को निर्णयबाट निवेदकलाई

ज्यादै मर्का परेकोले सो मिति २०७०।१०।९ को निर्णय यस रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगरी निवेदकहरू समेतलाई समावेश गरी पुन: नतिजा प्रकाशन गर्नु भनी त्यसै प्रकृतिको निवेदनमा विपक्षीको सोही निर्णयउपर रिट नं. ०७०-WO-०५९३, मा सर्वोच्च अदालत, एक न्यायाधीशको इजलासबाट भएको मिति २०७०।११।१ को आदेशबाट अन्तरिम आदेश जारी भएको समेत आधारमा विपक्षीका नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल चैत ३ गते रोज २ शुभम् ।

११

**मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०७०-WO-०६४६, उत्प्रेषण, *सानु छोरी श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत*

प्रस्तुत निवेदनपत्रको अन्तिम टुङ्गो नलाग्दै कुनै पनि किसिमबाट विपक्षीहरूबाट प्रकाशित सूचनाबमोजिम निवेदनमा उल्लिखित सडक विस्तारको क्रममा कुनै पनि बेला निवेदकहरूको जग्गामा बनेका घरलगायतका निर्माणहरू हटाउने, भत्काउनेलगायतका कार्यहरू भए निवेदकहरूलाई अपूरणीय क्षति पुग्नसक्ने देखिँदा प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म निवेदकहरूको घर जग्गामा कुनै प्रकारको हस्तक्षेप नगर्नु, नगराउनु भनी यस्तै विषयवस्तु भएको रिट निवेदकहरूमध्ये सम्मानित सर्वोच्च अदालतको रिट नं. ०६८-WO-१००५ मा सर्वोच्च अदालत संयुक्त इजलासबाट मिति २०६९।२।१०।४ मा अन्तरिम आदेश जारी भएको, त्यस्तै रिट नं. २०७०-WO-०५३८ मा पनि अन्तरिम आदेश जारी भएको सन्दर्भमा यी रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म यस रिट निवेदनमा उक्त जग्गामा बनेका निर्माणहरू हटाउने भत्काउनेलगायतका कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल चैत ३ गते रोज २ शुभम् ।

## रीत/बेरीतको आदेश

**मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०७०-AP-०२९१, बेरीतको आदेश बदर गरिपाऊँ, *दुप्चेश्वर महादेव हाइड्रो कम्पनी प्रा.लि. वि. नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयसमेत*

पुनरावेदन अदालत, पाटनमा दायर भएको यससम्बन्धी निवेदन विचाराधीन भएको अवस्थामा विपक्षी नेपाल विद्युत प्राधिकरणको मिति २०७०।२।३१ को विद्युत खरीद सम्झौता (PPA) रद्द गर्ने भन्ने निर्णय कार्यान्वयन भएमा निवेदकले नेपाल सरकार विद्युत विकास विभागमा पेश गरेको विद्युत उत्पादन अनुमतिपत्रको दरखास्तमा, उद्योग विभागमा दिएको विदेशी ऋणको अनुमतिको निवेदनमा तथा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूसँग चलिरहेको ऋण लगानीसम्बन्धी प्रक्रियाहरूमा प्रतिकूल प्रभाव परी अपूरणीय क्षति पुग्ने, यो रिट निवेदन तथा मध्यस्थताको काम कारवाही पनि निष्प्रयोजित हुने र विपक्षी ग्लोबल आई.एम.इ. बैकले पनि परफरमेन्स बण्डको रकमको भुक्तानी दिएमा र विपक्षी प्राधिकरणले सो परफरमेन्स बण्डको रकम भुक्तानी लिएमा निवेदक कम्पनीलाई पर्ने अपूरणीय क्षतिसमेतलाई मध्यनजर गरी मागबमोजिम प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विपक्षी नेपाल विद्युत प्राधिकरणको मिति २०७०।२।३१ को विद्युत खरीद सम्झौता रद्द गर्ने उपरोक्त निर्णय तत्काल कार्यान्वयन नगर्नु भनी विपक्षी नेपाल विद्युत प्राधिकरणको नाउँमा र १६ अगस्त २०१२ तारिखको परफरमेन्स बण्ड जमानतपत्र नं. PB GO 112 NPR00169 को रकम भुक्तानी नदिनु, नलिनु भनी विपक्षीहरूको नाउँमा तत्कालका लागि यो आदेश जारी हुने ।

इति संवत् २०७० साल चैत ३ गते रोज २ शुभम् ।